# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्धलेक गाउँपालिका
## धादिङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्धलेक गाउँपालिका

## धादिङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिद्धलेक गाउँपालिका

धादिङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १८३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

वुङचुङ, धादिङ्ग ।

१. **कैफियत सहितको राय** - हामीले सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ९९ लाख २२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ करोड २६ लाख ८८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.५१ लाख १९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९८ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.२० लाख ५८ हजार र पेश्की बाँकी रु.१ लाख ९४ हजार समेत रु.२ करोड ७२ लाख ३४ हजार रहेको छ । सिद्धलेक गाउँपालिकाको गतवर्ष सम्म रु.१५ करोड ६६ लाख ३४ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ३८ लाख ६८ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने सिद्धलेक गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सिद्धलेक गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

सिद्धलेक गाउँपालिका,

धादिङ्ग जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४२ | १५० | ४९९२२ | ० | ५० | २२६८८ | ४२ | १०० | २७२३४ | ५११९ | २०५८ | १९८६३ | ० | ० | २१९२१ | १९४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ्ग | १५६६३४ | ० | ० | १५६६३४ | ० | २७२३४ | १८३८६८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ३.४ | कर दायित्व रकम सम्बन्धित शिर्षकमा दाखिला भई फस्यौंट | १००६८१५ |
| | | ४ | अनुदान फिर्ता बाँकी रकम सम्बन्धित संचित कोषमा दाखिला भई फस्यौंट | ११८५७५८३ |
| | | १५ | राजस्व बाँडफाँड रकम प्रदेशलाई पठाई प्रमाण पेश भई फस्यौंट | ३८४७६९९.१२ |
| | | २५ | नविना पौडेलको रु.२,००,०००।-, नागेश्वरी आविको रु.१,००,०००।- र शिखर इन्सोरेन्सको रु.६९१८०।- पेश्की रकम फस्यौंट भई प्रमाण पेश | ३६९१८० |
| | | ३१.१ | निर्पण निर्माण सेवाको नापि तथा कार्य बिल पेश भएको आधारमा फस्यौंट | ३८४०५०० |
| | | ३७ | अमलादेवी माविले आइसिटिको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको आधारमा फस्यौंट | ६४०००० |
| | | ४१ | परिवर्तनका लागि महिला मंचको नपुग कर रकम असुल भई फस्यौंट | १७३३८ |
| | | ४३ | वडाध्यक्ष शम्भु गुरुङको दोहोरो सुविधा रकम असुल भई फस्यौंट | ४००० |

| | | | | |
|---|---|---|---|---|
| | | ४६ | अध्यक्ष परशुराम खतिवडाको बढि दरमा भ्रमण भत्ता रकम असुल भई फस्यौंट | ५८०० |
| | | ५२ | नेपाल विद्युत प्राधिकरणले विद्युत महसुल बिल पेश गरेको आधारमा फस्यौंट | ४५०००० |
| | | ५५ | सत्यदेवी माविको दोहोरो निकासा रकम असुल भई फस्यौंट | १२००० |
| | | ५७ | एम.आई.एस. अपरेटर तथा सहायकको पालिका साझेदारी नभएको तलब रकम संघिय संचित कोष दाखिला भई फस्यौंट | ४०५७९२ |
| | | ५८.१ | विद्यालयहरुले छात्रवृत्ति रकम वितरण गरी प्रमाण पेश भएको आधारमा फस्यौंट | १०२७०० |
| | | ५८.२ | विद्यालयहरुले बढि निकासा भएको छात्रवृत्ति रकम असुल भई फस्यौंट | ६५९०० |
| | | ५९ | ऐन तथा निर्देशिका विपरितको अनुगमन भत्ता असुल भई फस्यौंट | ३४००० |
| | | ६१ | नर्म्स भन्दा बढि भुक्तानी रकम असुल भई फस्यौंट | ८९२५ |
| | | ६२ | स्थानीय भत्ता बढि भुक्तानी भएको रकम असुल भई फस्यौंट | ९७७० |
| | | ७०.३ | कोमल प्रसाद जोशिको बढि भुक्तानी रकम असुल भई फस्यौंट | १०४०५ |
| | **चालु वर्षको जम्मा** | | | **२२६८८४०७.१२** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **गत विगतको जम्मा** | | | **०** |
| | **कुल जम्मा** | | | **२२६८८४०७.१२** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १०६.३६ वर्ग किलोमिटर तथा ३१ हजार ३९५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - खापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्यय, प्राप्ती र भुक्तानीको स्थिति अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा बढि निकासा भएको रु.८,६३,०५८।९७ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

## २ स्थानीय संचित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | | |
|---|---|---|---|---|---|---|
| | | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५९६९८७२१२ | ५०४३४३९४२ | ५०४३४३९४२ | ५७८५८८६८७ | ५७८५८८६८७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५८६२६१००० | ४९६८५१३११ | ४९६८५१३११ | ५५३७१४९८५ | ५५३७१४९८५ |
| ११००० कर | ११ | १११११०८००० | ९०६७२४६३ | ९०६७२४६३ | ९५५४४५०७ | ९५५४४५०७ |
| १३००० अनुदान | | ४६११०३००० | ३९५१५७४०८ | ३९५१५७४०८ | ४४७४०२९३० | ४४७४०२९३० |
| संघीय सरकार | १२ | ३८७८३२००० | ३४१०८१०६१ | ३४१०८१०६१ | ३७५९२२०३० | ३७५९२२०३० |
| प्रदेश सरकार | १२ | ५८६५६००० | ५३९३६२६७ | ५३९३६२६७ | ६३२३३००० | ६३२३३००० |
| जनसहभागिता | | १४६१५००० | १४००८० | १४००८० | ८२४७९०० | ८२४७९०० |
| १४००० अन्य राजस्व | | १४०५०००० | ११०२१४४० | ११०२१४४० | १०७६७५४८ | १०७६७५४८ |
| ख. अन्य प्राप्ति | | १०७२६२१२ | ७४९२६३१ | ७४९२६३१ | २४८७३७०२ | २४८७३७०२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० |
| कोषहरु | | १०७२६२१२ | ४६००४५७ | ४६००४५७ | १६३२३५३५ | १६३२३५३५ |
| धरौटी | | ० | २८९२१७४ | २८९२१७४ | ८५५०१६७ | ८५५०१६७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७१२४७१०६७ | ५७६२९३२४९ | ५७६२९३२४९ | ५५२२१२४६३ | ५५२२१२४६३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७०१७४४८५६ | ५६५१२४८४५ | ५६५१२४८४५ | ५१८१४६५६९ | ५१८१४६५६९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ५७४२९९०० | ४६६४७०८४ | ४६६४७०८४ | १२७७६१७९७ | १२७७६१७९७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५८३८९५०० | ११४९८८५२९ | ११४९८८५२९ | ६१६२७३८८ | ६१६२७३८८ |
| २५००० सहायता (Subsidy) | १८ | १५६३६१५०० | १४२६८५०१७ | १४२६८५०१७ | ६८३४४२४२ | ६८३४४२४२ |
| २६००० अनुदान | १८ | ३००००० | १००००० | १००००० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १६७४६००० | ११५६९६३२ | ११५६९६३२ | १३४१०२३६ | १३४१०२३६ |
| २८००० अन्य खर्च | १८ | ३७९६०३५८ | ३७५७२३१४ | ३७५७२३१४ | ६४३८९१९ | ६४३८९१९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७४५५७५९८ | २११५६२२७० | २११५६२२७० | २४०५६३९८७ | २४०५६३९८७ |
| घ. अन्य भूक्तानी | | १०७२६२१२ | १११६८४०४ | १११६८४०४ | ५५२२१२४६३ | ५५२२१२४६३ |
| कोषहरु | | १०७२६२१२ | ५९७०८६० | ५९७०८६० | २९१७८९५६ | २९१७८९५६ |
| धरौटी | | ० | ५१९७५४४ | ५१९७५४४ | ४८८६९३८ | ४८८६९३८ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -११५४८३८५६ | -७१९४९३०७ | -७१९४९३०७ | २६३७६२२४ | २६३७६२२४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३७२४३७९६ | १३७२४३७९६ | ११६००९९६७ | ११६००९९६७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -११५४८३८५६ | ६५२९४४८९ | ६५२९४४८९ | १४२३८६१९२ | १४२३८६१९२ |
| | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ६५१४४५४७ | ६५१४४५४७ | १४२४३५८५१ | १४२४३५८५१ |
| | | | | | | |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा | १३३२९६००० | १३०३९०८५१ |
| २ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६५००० | ० |
| जम्मा | | १३३७६१००० | १३०३९०८५१ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

### ३.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,०३,९०,८५१।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ प्राप्त वितीय विवरणमा बैंक कारोवारमा बर्षान्तको बाँकी रु.६,५२,९४,४८९।४१ र अनुसूची-२४ अनुसारको नगद तथा बैंक बाँकी रु.६,५१,४४,५४७।४१ भई बैंक रु.१,४९,९४२।- ले कमी देखिएको वितीय विवरणले देखाउँदछ । यस सम्बन्धमा पुष्टयाइ प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ ।

३.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१३,६५,१३,०००।- मौज्दात रहेकोमा यो वर्ष रु.१३,७२,४३,७९६।०१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७,३०,७९६।०१ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

### ३.४ कर दायित्व

- **..........(प्रारम्भिक प्रतिवेदन उपर सम्बन्धित शिर्षकमा दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.१०,०६,८१५।-सम्परीक्षण गरिएको ।)**

### ३.५ सञ्चित कोषमा जम्मा (ट्रान्सफर)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१,६१,६८,०९७।८०, पुँजीगत खातामा रु.३१,०१,८५८।४८, आन्तरिक राजस्व खातामा रु.८६,२८,३०३।३४ समेत रु.२,७८,९८,२५९।६२ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ३.६ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय-व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४७०७०२४२.०० | २१०४८६२३.०० | -२६०२१६१९.०३ |
| चालु खर्च खाता | ५८.०० | १६१६८०९७.८० | १६१६८०३९.८४ |
| पुँजीगत खर्च खाता | ०.०० | ३१०१८५८.४८ | ३१०१८५८.४८ |
| विविध खर्च खाता | ७६६५७६.४५ | ३७४१२४६.५१ | २९७४६७०.०६ |
| स्थानीय तह विविध कोष खाता | २४०५००.०० | ३४०४१०१.०० | ३१६३६०१.०० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४७८९५०८.०० | ४८१९०४०.७३ | २९५३२.७३ |
| स्थानीय विभाज्य कोष | ०.०० | ३९३०५१७.१७ | ३९३०५१७.१७ |
| धरौटी | १२१३७५८२.२० | १२१३७५८२.२० | ०.०० |
| ग१.१, आन्तरिक राजस्व खाता | १४००८०.०० | ८६२८३०३.३४ | ८४८८२२३.३४ |
| **जम्मा** | **६५१४४५४६.७०** | **७६९७९३७०.३०** | **११८३४८२३.५९** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ

## ४ अनुदान फिर्ता बाँकी

- **..........(प्रारम्भिक प्रतिवेदन उपर संघीय तथा प्रदेश फिर्ता गर्न बाँकी रकम फिर्ता गरी पेश गरेको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.१,१८,५७,५८३।- सम्परीक्षण गरिएको ।)**

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार नगरेको,
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको ।

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,

- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) - कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको ।

**विविधतर्फ**

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री सविता अर्यालले मिति २०७९।३।१० मा रु.६६ करोड ९६ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा

प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

## ७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ८ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ९ अबण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु.८५,००,०००।- अबण्डा बजेट व्यवस्था गरी २० योजनामा रु.६१,५४,४३३।- खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

## १० खर्च विश्लेषण

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.८४,०५,२२३।३४ राजस्व बाँडफाँड र अनुदानबाट रु.४९,५९,३८,७१८।- समेत रू.५०,४३,४३,९४२।०६ आम्दानी भएकोमा चालु तर्फ रु.३५,३५,६२,५७५।४१ र पुँजीगत तर्फ रु.२१,१५,६२,२६९।५२ र वित्तीय ब्यबस्था तर्फ रु.१,११,६८,४०३।७३ समेत रु.५७,६२,९३,२४८।६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४५ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु.९०,००,०९०।- खर्च भएको छ जुन आन्तरिक आयको १०७.०७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.१० प्रतिशत चालु र ४१.९४ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ११ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु. हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २११५६२ | २५०९ | ३४८०५ | ५८९७४ | ११५२७४ | ८८६४१ |
| प्रतिशत | १००.०० | १.१९ | १६.४५ | २७.८८ | ५४.४९ | ४१.९० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.२१ करोड १५ लाख ६२ हजार नकिसा भएकोमा प्रथम त्रैमासिकमा रु.२५ लाख ९ हजार (१.१९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड ४८ लाख ५ हजार (१६.४५ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.५ करोड ८९ लाख ७४ हजार (२७.८८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८ करोड ८६ लाख ४१ हजार (४१.९० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १२ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६७४३८८४८ | ३२०४१६५२ | ५.६७ |
| २ | पूर्वाधार विकास | २०२१७३६७६ | १६१६०५९४२ | २८.६ |
| ३ | सामाजिक विकास | २८३०६२७०० | २४५२८६४५१ | ४३.४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित | ४१५८५१०८ | ४१०८३०९७ | ७.२७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०७४८४५२४ | ८५१०७७०३ | १५.०६ |
| **जम्मा** | | **७०१७४४८५६** | **५६५१२४८४५** | **१००.** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४३.४० प्रतिशत र आर्थिक विकास क्षेत्रमा सबैभन्दा घटी ५.६७ प्रतिशत रहेको छ ।

## १३ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,६८,५०,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.८४,०५,२२३।३४ अर्थात् अनुमान भन्दा ५०.११ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## १४ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५००००० .०० | ५७२१३८.१५ | ३८.१४ |
| घरजग्गा वहाल कर | ५००००.०० | १९१९४६७.०० | ३८३८.९३ |
| व्यवसाय कर | ५०००००.०० | १०३३००.०० | २०.६६ |
| वहाल विरौटी शुल्क | ५००००.०० | ०.०० | ०.०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## १५ राजस्व बाँडफाँड

✓ **..........(प्रारम्भिक प्रतिवेदन उपर राजस्व बाँडफाँड रकम प्रदेश संचित कोषमा दाखिला गरेको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.३८,४७,६९९।१२ सम्परीक्षण गरिएको ।)**

## १६ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,०३,३००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १७ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ४४ वटा ऐन, १२ वटा नियमावली, ५४ कार्यविधि, ८ निर्देशिका लगायत ११८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

## १८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष थप भएको ७ गरी कुल १५ विवाद दर्ता भएकोमा १४ वटा मात्र फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १९ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ४८१ योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १५४ | ६ | ५८ | ९० |
| २ | वडास्तरीय | ३२७ | ० | ४ | ३२३ |
| **जम्मा** | | **४८१** | **६** | **६२** | **४१३** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसै गरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४४६ योजना मात्र कार्यान्वयन भई ३५ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरणका आधारमा छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## २० जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

## २१ सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका अन्तर्गत सार्वजनिक सम्पत्तिको प्राप्ति, उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्नानुसार छः

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य रू हजारमा |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न मिति | १८ | ६११०८ |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न मिति | १६ | १०७९६ |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न मिति | २१ | ४१३४ |

## २२ सवारी साधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.५,४०,२६४।६९ खर्च गरेको छ ।

## २३ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२१,१५,६२,२६९।५२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## २४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## २५ पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्योंट गर्नु गराउनु पेश्की लिने दिने दुवै पक्षको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्नानुसार कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रु.१,९३,९६२।- बाँकी रहेकोले म्याद नाघेको पेश्की नियमानुसार फस्योंट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिएको मिति | भौ.नं. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेस्की |
|---|---|---|---|---|
| | कर्मचारी | | | |
| १ | ०६/०४/२०७९ | ३६ | नविना पौडेल | ३७२ |
| २ | ०६/०९/२०७९ | ५८ | ऋषि नेपाली | ३०००० |
| ३ | ०८/१३/२०७९ | २४८ | सविता खड्का | ३२००० |
| ४ | ०२/१२/२०८० | ७०४ | ऋषि नेपाली | ३१५९० |
| | संस्थागत | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | १०/११/२०७९ | ४३५ | नेको इन्सुरेन्स लिमिटेड | १००००० |
| **जम्मा** | | | | **१९३९६२** |

**(प्रारम्भिक प्रतिवेदन उपर पेश्की रकम फस्यौंट गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.३,६९,१८०।१२ सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| पेश्की | १९३९६२ |

२६ **राजस्व**

पालिकाले मूल्य अभिवृद्धि कर बाहेक वार्षिक रू.१,३५,६२,०३१।- को न्यूनतम राजस्व उठाउने गरी विज्ञापन भएकोमा तेश्रो पटकसम्म बोलपत्र नपरेपछि पुनः मिति २०७९।८।२१ गते चौथो पटक न्यूनतम राजस्व कबोल घटाई रू.९१,८३,६७२।- बोलपत्र आव्हान गरेपछि दुई गोटा कर संकलकको बोलपत्र मात्र दर्ता भएको देखिन्छ । त्यसपछि बढी कबोल गर्ने एस.एस. इञ्जिनियरिङ्गसँग वार्षिक रू.९५,००,०००।- (मू.अ. कर बाहेक) मा मिति २०७९।९।८ मा सम्झौता भएकोमा निम्नानुसार व्यहोरा देखियोः

२६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार समयमै राजश्व नबुझाएमा १० प्रतिशतका दरले जरिवाना असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने ब्यवस्था छ । कर संकलकसँग भएको सम्झौता अनुसार मूल्य अभिवृद्धि करबाहेक पहिलो किस्ता सम्झौता अनुसार रू.४७,५०,०००।-(मू.अ. कर बाहेक) सम्झौता अगावै र अन्तिम किस्ता रु ४७,५०,०००।- मिति २०७९ चैत्र मसान्त भित्र बुझाउने गरी सम्झौता भएकोमा देहाय अनुसार ढिलो बुझाएको हुँदा नियमावली अनुसार लाग्ने जरिवाना असूल गर्नुपर्ने रू.

| सि.नं. | किस्ता | दाखिला गर्नुपर्ने मिति | मू.अ. कर बाहेक | दाखिला मिति | दखिला रकम | ढिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| १ | प्रथम | २०७९।०९।०८ | ४७५०००० | २०७९।०९।०४ | ५२५००० | ० | ०.०० |
| | | | | २०७९।०९।१२ | २०००००० | ४ | २१९१.७८ |
| | | | | २०७९।०९।२५ | २२२५००० | १७ | १०३६३.०१ |
| २ | दोश्रो | २०७९।१२।३० | ४७५०००० | २०७९।१२।११ | १५००००० | | ०.०० |
| | | | | २०८०।०३।१७ | २०००००० | ७४ | ४०५४७.९५ |
| | | | | २०८०।०३।२५ | १२५०००० | ८२ | २८०८२.१९ |
| **जम्मा** | | | **९५०००००** | | **९५०००००** | | **८११८४.९३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८१,१८४.९३ |

२६.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि कर असुल गर्ने व्यक्ति, फर्म वा संस्थाले असुल भएको मिति वा दाखिला गर्नुपर्ने मितिबाट अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्दछ । अन्यथा ढिलो वापतको जरिवाना, शुल्क तथा व्याज समेत हिसाब गरी असुल गर्नुपर्ने व्यवस्था छ । सम्झौता अनुसार कर संकलक एस.एस. इञ्जिनियरिङ्गले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर मिति २०७९।९।८ र २०७९।१२।३० मा क्रमशः रू.६,१७,५००।- र रू.६,१७,५००।- समेत रू.१३,३५,०००।- लेखापरीक्षण अवधिसम्म पनि पालिकामा बुझाएको नदेखिँदा रू.१२,३५,०००।- त्यसमा लाग्ने जरिवाना, व्याज तथा शुल्क समेत असुल गरी मूल्य अभिवृद्धि कर पालिकाको स्थायी लेखा नम्बरबाट संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३५,००० |

## २७ बालुवा बिक्रीबाट प्राप्त हुनुपर्ने राजस्व

सडक डिभिजन कार्यालय, धादिङले पिपलटार आदमटार सडक स्तरोन्नति सिद्धलेक गाउँपालिका - ७ लाई च.नं. ३८४ मिति २०७९।९।१० को पत्रबाट रू.१०,६७,६५९।९४ को लागत अनुमान स्वीकृत भएअनुसार ६० दिनभित्र बाटो निर्माण गर्न कार्यदिश दिएको देखिन्छ । उक्त बाटो खन्ने सिलसिलामा बाटोमा बालुवाको ढिस्को परेकोले बाटो खन्दा निस्किएको बालुवा बिक्री वितरणबारे निम्नानुसार देखिन आयोः

- लेखापरीक्षणको समयमा पालिकाले यस सम्बन्धी कागजात पेस गरेन र सूचनासमेत उपलब्ध गराएन ।
- गाउँ कार्यपालिकाको लेटरप्याडमा उपाध्यक्ष श्री सविना अर्यालले च.नं. १५२२ मिति २०७९।९।२१ मा श्री पिपलटार आदमटार सडक स्तरउन्नति उपभोक्ता समिति वडा नं. ७ लाई बाटो खन्दा निस्कने खनिजजन्य पदार्थ सिद्धलेक गाउँपालिकाको नियमानुसार गाउँपालिकालाई कर बुझाउने गरी वडाबाट सिफारिस माग भई आएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ भन्ने पत्र लेखेको ।
- प्रमुख प्रशासकीय अधिकृत राममणी मिश्रले च.नं. १८१७ मिति २०७९।१०।१९ गते का.स. श्री भोजबहादुर भुजेललाई प्रति घनमिटर ३.५० को दरले कर संकलन गर्ने गरी खटाएको र बोधार्थ वडालाई दिएको छ ।
- यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय धादिङमा उजुरी परी विवरण उपलब्ध गराउने पत्र लेखेकोमा उपाध्यक्षले सो सम्बन्धी प्रतिवेदन च.नं. १९४२ मिति २०७९।११।२ को पत्रबाट पठाएको देखिन्छ ।
- पुनः अध्यक्ष श्री परशुराम खतिवडाले च.नं. २०७० मिति २०७९।११।– (गते खुल्दैन) को पत्रबाट जिल्ला प्रशासन कार्यालय धादिङलाई आवश्यक सहयोग गरिदिनुहुन भनी "गाउँपालिका अन्तर्गत रहेका ढुङ्गा, गिट्टी, बालुवा चालु आ.व. २०७९।८० को लागि ठेक्का भैसकेको ठाउँ

बाहेक आदमटारको क्षेत्रहरूमा अवैध ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरी चोरी निकासी भइरहेको भन्ने जनगुनासो आएकोले उक्त कार्य नियन्त्रण गरिदिनुहुन" भनी पत्र लेखेको ।

- कार्यालय सहयोगी भोजबहादुर भुजेलले मिति २०७९।१०।२३ देखि २०७९।१२।१६ सम्म १४ ट्रिप प्रति ट्रिपको रू.१०५०।- का दरले रू.१४,८४,०००।- रकम बाँकी रहेको निवेदन मिति २०७९।११।२५ मा दिएको देखिन्छ ।
- प्रशासकीय अधिकृतले पनि मिति २०७९।११।२५ गते नै के कसरी जिम्मा दिई कसरी उठाएको हो टिप्पणी, राय र कार्यदिश पत्रसहित पेस गर्न राजस्व शाखालाई तोक लगाएको देखिन्छ । कार्यालय सहयोगीले मिति २०७९।११।२५ मा निवेदन दिएपनि मिति २०७९।१०।२३ देखि २०७९।१२।१६ सम्मको राजस्व भनेकोले यस सम्बन्धमा प्रश्न गर्नुपर्ने स्थिति छ ।
- सामान्यतया ढुङ्गा, बालुवा, गिट्टी जस्ता पदार्थको बिक्री वितरण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरी परिमाण तोकी वार्षिक गाउँसभाको निर्णयले गर्नुपर्नेमा बाटो खन्ने सिलसिलामा बालुवा निस्किएको भन्ने आधारमा उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले आदेश दिने, अध्यक्षले रोक्न जिल्ला प्रशासन कार्यालयमा निवेदन दिने जस्ता गितिविधिको सूचना (फोटोकपी पत्रहरू) प्राप्त भएकोले के, कुन ठाउँमा, कति परिमाणमा के कस्ता प्राकृतिक श्रोत, को कसलाई बिक्री वितरण भएको हो तहाँबाटै छानबिन गरी सोको प्रमाण पेस हुनुपर्दछ ।

## २८ बीमा खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्य शुरु गर्नु अगावै सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मितिबाट डिफेक्ट ल्याविलिटीसम्म कभर गर्ने बीमाको पोलिसी सहित रकम तिरेको बिजक पेस हुनुपर्नेमा देहाय अनुसारका निर्माण व्यवसायीले बीमा खर्च भुक्तानी लिएकोले असुल गर्नुपर्ने रु.

| निर्माण व्यवसायीको नाम | कामको विवरण | बीमा खर्च |
|---|---|---|
| अर्पन निर्माण सेवा | बैरेनी पिपल तलाङ्ग टाँटी सडक | ८५५१३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,५१३ |

## २९ परामर्श र डिपिआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सि नं | कार्य विवरण | परामर्श दाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरिय सडक गुरू योजना | ग्रीनटेक कन्सल्टयान्ट प्रा. ली., काठमाडौं | २०००००० | १९९५५८० | १८५६९५११०६८ |
| २ | प्राइमरी अस्पताल (१५ बेड) सिध्दलेक १, धादिङ | श्री सिभिल वर्क्स ईञ्जिनियरिङ्ग सर्भिसेज प्रा.ली, बानेश्वर, काठमाडौं | १४००००० | १३५७४१३ | २७९९७८९६५ |
| ३ | पीपलटार महाकाली खेलकुद मैदान | एन. कोड कन्सल्ट प्रा. ली. रानीवन, काठमाडौं | ५००००० | ४९७२०० | ३०८६५७०२ |
| **जम्मा** | | | **३९०००००** | **३८५०१९३** | **१८८८०३५५७३५** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

### ३० कार्यसम्पन्न हुनु अगावै भुक्तानी

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पञ्चमुखी मा.वि. र कालिदेवी मा.वि. लाई रू.५५/५५ लाखका दरले भवन निर्माण गर्न दिएकोमा संलग्न फाँटबारीमा निम्नअनुसार कैफियत देखिएको रू.

(क) सार्वजनिक खरिद नियावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको सम्पन्न भएको निर्माण कार्यको विवरण लगायतको उल्लेख गरी कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले दुवै विद्यालयलाई भौ.नं. १० मिति २०७९।१०।२ मा मिति २०७९।९।२१ को सम्झौता अनुसार मिति २०८०।३।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी प्रति विद्यालय रू.२७ लाख ५० हजारको दरले रू.५५ लाख उपलब्ध गराएको र भौ.नं. २२ मिति २०८०।३।२३ मा विद्यालयको कार्यसम्पन्न नहुँदै लागत अनुमानकै परिमाण र अङ्क राखी कार्यसम्पन्न प्रतिवेदन तयार गरी प्रति विद्यालय पुनः रू.२७ लाख २५ हजारको दरले रू.५५ लाख भुक्तानी दिएको छ । रकम दिनुपूर्व सम्झौता अनुसार नाप जाँच गरी नापीको आधारमा कार्यबिल तथा कार्यस्वीकार प्रतिवेदन तयार गरी रकम भुक्तानी दिनुपर्नेमा कार्यसम्पन्न नहुँदै लागत अनुमानमा उल्लेख भएकै कार्य परिमाण राखी भुक्तानी दिनु मनासिव देखिएन । कार्यस्थलमा कार्यसम्पन्न भैसकेपछि अनुमान गरिएको भन्दा कार्य परिमाण थपघट हुन सक्ने भएकोले पालिकाबाट पुनः नापी गरी कार्यबिल तथा कार्यस्वीकार प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ

। काम सक्नु अगावै कार्यसम्पन्न गर्ने कार्यपालिका प्रमुखलाई समेत जिम्मेवार बनाई प्राविधिक कर्मचारीलाई कारवाही हुनुपर्दछ ।

(ख) पालिकाले बजेट खर्च गर्ने मनसाय राखी कार्यसम्पन्न नहुँदै कार्यसम्पन्न प्रतिवेदन तयार गरी रकम भुक्तानी दिएपनि पालिकाको मिति २०८०।३।१५ को पत्रबाट दुबै विद्यालयमा रू.१५/१५ लाखको रकम रोक्का गर्न पत्र समेत लेखेको छ । लेखापरीक्षण अवधि २०८०।५।२४ सम्म उक्त रकम विद्यालयको खातामा रोक्का रहेको अवस्था छ । कार्यसम्पन्न भएको प्रतिवेदन तयार पार्ने पालिकाले निकासा रकम रोक्का राख्नुपर्ने कारण पेस गरेको छैन ।

(ग) सार्वजनिक खरिद ऐन. २०६३ को दफा ८ मा खरिद तथा निर्माण गर्ने विधि उल्लेख गरेको छ । विद्यालयले कुन विधिबाट भवन निर्माण गरेको हो सोको विवरण पेस गरेको छैन । रकमको हिसाबले सिधैं निर्माण गर्न पाउने देखिँदैन । प्रतिस्पर्धात्मक विधि वा उपभोक्ताबाट गराएको हो सो खुलाएको छैन । उपभोक्ता समितिबाट निर्माण कार्य गराएको भए कम्तीमा १५ प्रतिशत उपभोक्ताको अंश वापत प्रति विद्यालय रू.८ लाख २५ हजारको दरले रू.१६ लाख ५० हजार संघीय सञ्चित कोषमा रकम दाखिला गरेको प्रमाण पेस गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,००,००० |

**३१ बिल बेगर भुक्तानी**

बैंरेनी पिपल नलाङ्ग ठाँटी कमलनगरी बरबोट सडक रू.१,०२,८४,५३१।२३ को लागतमा मिति २०८०।३।६ मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी निर्पण निर्माण सेवा प्रा.लि.सँग सम्झौता गरेको थियो । निर्माण व्यवसायीलाई निर्माण कार्य गरेवापत रकम भुक्तानी सम्बन्धी फाँटबारी परीक्षण गर्दा निम्न अनुसार व्यहोरा देखिएको छः

३१.१ ......... ***(प्रारम्भिक प्रतिवेदन उपर नापी तथा कार्य बिल पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.३८,४०,५००।- सम्परीक्षण गरिएको ।)***

३१.२ पालिकाले तेश्रो बिल रू.३७,०४,२६८।- को बिल भुक्तानी गर्दा धरौटी वापत रू.१,६१,८४।९० कट्टी गरेर मात्र भुक्तानी दिनुपर्नेमा धरौटी कट्टी नगरी भुक्तानी दिएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६१,४८४.९ |

३१.३ निर्माण व्यवसायीलाई सम्झौता अनुसार रू.१,०२,८४,५३०।- मात्र भुक्तानी दिनुपर्नेमा रू.१,०३,०२,९२४।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रू.१८,३९४।- सम्बन्धितबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,३९४ |

## ३२ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६.०२ देखि ५७.४९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि नं | कामको विवरण | ठेक्का नं | निर्माण कर्ताको नाम | लागत अनुमान | सम्झौता रकम भ्याट सहित | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | जरे आदमटार अमिलिछाप भालडाडा सडक स्तरोउन्नति कार्य | ०४।२०७९।८० | आदित्य एन आदेश कन्सट्रक्शन प्रा.लि. | १९९९९६०७ | १३०८३६२५ | ३४.५८ |
| २ | बुङचुङ भेडावारी मैदान कमलावारी सडक स्तरोउन्नति कार्य | ०४।२०७९।८० | यु.एन. कन्सट्रक्शन | ४२७४५९३ | ४०१७३९१ | ६.०२ |
| ३ | मैदी भन्ज्याङ धौखोला ठाँटी सडक स्तरउन्नति | ०६।२०७९।८० | आदित्य एन आदेश कन्सट्रक्शन प्रा.लि. | ४९९९७७२ | ३३९५२७४ | ३२.०९ |
| ४ | पिपलटार भाल्डडाडा भैसे नवलपुर सडक स्तरउन्नति | ०७।२०७९।८० | सिभिल कन्स्ट्रक्सन | ३२९४५१३ | २२७२०८६ | ३१.०३ |
| ५ | बैरेनी पिपल नलाङ ठाँटी कमलावारी (बरबोटे भट्टराई डाँडा ) सडक कालोपत्रे | ०२।२०७९।८० | निर्पन निर्माण सेवा प्रा.लि. थिमी-४ भक्तपुर | १५९९६१४५ | १०२८४५३१ | ३५.७१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | बैंरेनी पिपल नलाङ ठाँटी कमलावारी (भट्टराई डाँडा<br>पिपलनालाङ खण्ड ) सडक कालोपत्रे | ०३।२०७९।८० | निर्पन निर्माण सेवा प्रा.लि. थिमी-४ भक्तपुर | १९९९३९९७ | १२९३८३५९ | ३५.२९ |
| ७ | एच डिपी पाइप खरिद कार्य | ०१।२०७९।८० | गोदावरी प्लान्टो क्राफ्ट इन्डस्ट्रिज हेटौडा ९ | ३४९८५६३ | १४८७३८४ | ५७.४९ |

## ३३ नाफामूलक संस्थालाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुंजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष भौ.नं. ५८४ मिति २०८०।३।२६ बाट कुशल मित्रता दुग्ध उत्पादक उपकरण कृषि सहकारी संस्थालाई रू.२,३३,८९९।- अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,३३,८९९ |

## ३४ कम कट्टी गरेको

निर्माण व्यवसायीलाई रकम भुक्तानी दिनुपूर्व बिल रकममा १.५ प्रतिशत अग्रिम कर, ५ प्रतिशत धरौटी र मू.अ. करको ३० प्रतिशत कट्टी गरी रकम भुक्तानी दिनुपर्दछ । पालिकाले भौ.नं. २१।२०८०।३।२४ बाट सडक निर्माण गरेवापत निर्पन निर्माण सेवा प्रा.लि.लाई मू.अ.कर रू.१,७४,३८०।- सहित रू.१५,१५,७६१।- भुक्तानी गर्दा मू.अ. कर रू.२,३१४।-, धरौटी रू.१,६०५।०५ र अग्रिम कर रू.८८५।७१ समेत रू.४,८०४।७६ कम कट्टी गरेको हुँदा अग्रिम कर र मू.अ. कर रू.३,१९९।१० सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१९९.१ |

## ३५ बढी भुक्तानी

निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्दा सम्झौता अनुसार बढी नहुने गरी कार्यबिल अनुसार भुक्तानी दिनुपर्दछ । पालिकाले भौ.नं. ६।२०७९।१२।९ बाट निर्माण व्यवसायी आदित्य एण्ड आदेश कन्स्ट्रक्सन प्रा.लि.लाई जरे आदमटार अपिलिछाप भालडाँडा सडक निर्माण गरेवापत रू.८१,६८,५१२।- भुक्तानी दिनुपर्नेमा रू.८१,७५,८३६।- भुक्तानी दिएकोले बढी भुक्तानी रू.७,३२४।- सम्बन्धितबाट असुल गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३२४ |

## ३६ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## ३७ कार्यसम्पन्न नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका कामको लागि रु.८२,६०,८८२।- भुक्तानी भएकोमा लेखापरीक्षण अवधिसम्म पनि कार्यस्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन पेस नभएकोले सोको प्रमाण पेस गर्नुपर्ने रु.

| भौ.नं. र मिति | नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| २१।२०८०।३।२३ | सत्यवती मा.वि. | नुमना विद्यालय विकासका लागि विद्यालय सुधार योजना ( बिल भरपाई पेस नभएको ) | ५०००००० |
| १४।२०८०।१।३१ | जल्पादेवी आ.वि. | आइसिटी ल्याब, डिजिटल लाइब्रेरी स्थापना | ३२५००० |
| ८।२०८०।९।२७ | अष्टलक्ष्मी इन्टरप्राइजेज | वडा नं. ६ र ७ मा सोलार राख्न भुक्तानी | ७७३७३४ |
| ३६।२०८०।३।२४ ( संघीय ) | न्यू सुन्दर कुमार हार्डवेयर | जस्तापाता - १४४ पाता | २८८००० |
| ५७०।२०८०।३।२३ ( गापा ) | १६ जना कृषकको गोठसुधार कार्यक्रम | गोठ सुधार | १४३५२३१ |
| ४६।२०८०।३।२३ ( प्रदेश चालु ) | एडभेन्चर भिजन पशुपालन फर्म | व्यवसायिक बाख्रा पालन | ४३८९१७ |
| **जम्मा** | | | ८२६०८८२ |

*(प्रारम्भिक प्रतिवेदन उपर अमलादेवी माविको कार्य सम्पन्न प्रतिवेदन पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.६,४०,०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८२,६०,८८२ |

३८ **बढी दरमा भुक्तानी**

उपभोक्ता समिति मार्फत सम्झौता अनुसार काम गराउँदा स्वीकृत दररेट राखी रकम भुक्तानी गर्नुपर्दछ । देहायका उपभोक्ता समिति मार्फत बाटोको निर्माण गर्दा स्वीकृत दर र वास्तविक गरिएको कामको दर राखी कार्यबिल तयार गर्नुपर्नेमा बढी दर राखी रकम भुक्तानी गर्दा पालिका तथा नेपाल सरकारलाई थप व्ययभार पर्न गएको हुँदा सम्बन्धित उपभोक्ताबाट असुल गरी सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं./मिति | उपभोक्ताको नाम | कुल भुक्तानी | विवरण | परिमाण | दिनुपर्ने दर | दिएको दर | बढी दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| २६०।२०७९।१२।२ | सैमति कुलो ठाँटीटार निर्माण उ.स. | ८२९३५० | आरसिसी | २५.७२ घ.मि. | १३५२५ | १७८६६ | ४३४१ | १०७३१० |
| २९९।२०८०।१२।२२ | मजुवा ग्यास सडक स्तरोन्नति उ.स. | ५४९७१६ | आरसिसी | १६.८२ घ.मि. | ११९६६ | १७८६६ | ५९०० | ९९२३८ |
| ५३६।२०८०।३।२० | अर्चले तार तलाङ्ग ठाँटी सडक निर्माण उ.स. | १३७८२६८ | ग्राबेल | २४२.९१ घ.मि. | १२६५ | २५६५ | १३०० | ४४५७८३ |
| ५८०।२०८०।३।२१ | आदमटार बडरे सेटाबेसी साततले गुफा सडक | १९१९५०४ | ग्राबेल | ९१२ घ.मि. | ९५२।८१ | १२६५ | ३१२।१९ | २८४७१७ |
| १५।२०८०।३।१६ | वडा कार्यालयदेखि भद्रकाली वडा ७ नं. बाटो | ४७०३३५७ | आरसिसी | १५७.३४ घ.मि. | ११९६६ | १३३२५ | १३५९ | २१३८२५ |
| **जम्मा** | | | | | | | | **११५०८७३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५०,८७३ |

३९ **बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता मार्फत सडकको नयाँ ट्र्याक खोल्ने, स्तरोन्नति गर्ने कार्यको लागि उपभोक्तासँग सम्झौता गरी

कार्य गरेपछि रकम भुक्तानी गर्दा दर विश्लेषणमा उल्लेख भएको दरमा रकम भुक्तानी गर्नुपर्दछ । दर विश्लेषणमा नरम तथा साह्रो माटो काट्ने (O.S.) को दर प्रति घनमिटर रू.९१.६६, मध्यम चट्टान काट्ने (M.R.) को रू.२२०।७९ तथा कडा चट्टान काट्ने काम (H.R.) को रू.८४४।९० दर रहेकोमा पालिकाले कार्यिबलमा O.S. को दर १०४।२६, M.R. को दर रू.३१२।७९ र H.R. को दर रू.१९५१।६७ राख्दा O.S. मा रू.१२।६०, M.R. मा रू.९२।- र H.R. मा रू.११२६।७७ को दरले बढी भुक्तानी हुँदा पालिका तथा प्रदेश सरकारलाई थप व्ययभार पर्न गएको छ । तसर्थ उपभोक्तालाई बढी भुक्तानी भएको रकममा अनुपातिक कट्टी गरी उपभोक्ताबाट रकम असुल गरी प्रदेश तथा पालिका सञ्चित कोषमा रकम दाखिला गर्नुपर्ने रू.

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी | विवरण | दर | बढी | भुक्तानी |
|---|---|---|---|---|---|---|
| ५८३।२०८०।३।२५ | पिपलटार चम्डाँडा सडक उ.स. | ४४२३२० | O.S. | २६१०.३६ | १२.६ | ३२८९०.५४ |
| | | | M.R. | ६२.७९ | ९२ | ५७७६.६८ |
| ४७६।२०८०।३।१२ | नहकी डाँडा लोहनी मोड सडक उ.स. | २८८९७१ | O.S. | २२६२.६६ | १२.६ | २८५०९.५२ |
| | | | M.R. | ८.५१ | ९२. | ७८२.९२ |
| ४३८।२०८०।३।४ | ज्ञानडाँडा कुसुण्डे बलमडाँडा सडक उ.स. | १९४००० | O.S. | १३०८.७७ | १२.६ | १६४९०.५ |
| ४३५।२०८०।३।४ | फरेटार सिप्लीगान सडक स्तरोन्नति | २४२५०० | O.S. | १११५.९१ | १२.६ | १४०६०.४७ |
| | | | M.R. | ३४२.४७ | ९२. | ३१५०७.२४ |
| ४२२।२०८०।३।३ | चालिसे धरिठाम सडक निर्माण उ.स. | १८९७०६ | O.S. | २१०४.७६ | १२.६ | २६५१९.९८ |
| ४०२।२०८०।३।३ | जमुनाखर्क आंगटारी सडक निर्माण उ.स. | १९१४१० | O.S. | ११७०.८३ | १२.६ | १४७५२.४६ |
| ३९२।२०८०।२।१७ | भेडाबारी भञ्याङ ठिन्के चौतारा सडक | १८८४६८ | O.S. | १७५०.३१ | १२.६ | २२०५३.९१ |
| ३७९।२०८०।२।११ | कुमटार घनसनडाँडा छाडे सडक उ.स. | २८७०७२ | O.S. | २५९४.७६ | १२.६ | ३२६९३.९८ |
| | | | M.R. | १६०.०४ | ९२. | १४७२३.६८ |
| ३४७।२०८०।१।२९ | कैगले धाराको कैजले धारा कोलडाँडा बाघ सडक उ स | ४६६०९१ | O.S. | ४७१९.७८ | १२.६ | ५९४६९.२३ |
| ३४६।२०८०।१।२९ | बिस्टारी महादेवस्थान जोड्ने सडक उ स | ४४०७९६ | O.S. | ३८१२.०४ | १२.६ | ४८०३१.७ |
| | | | M.R. | २४२.३४ | ९२. | २२२९५.२८ |
| | | | H.R. | १३.५४ | ११२६.७७ | १५२५६.४७ |
| ३२८।२०८०।१।२० | | २५५०९० | O.S. | २३४२.७९ | १२.६ | २९५१९.१५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खुर्सानीटार छिपीगाउँ सडक निर्माण उ.स. | | M.R. | १४३.२३ | ९२. | १३१७७.१६ |
| ३०४।२०७९।१२।२८ | गैरीगाउँ फाटेढुङ्गा सडक उपभोक्ता समिति | १८०३५७ | O.S. | १३६२.९६ | १२.६ | १७१७३.३ |
| | | | M.R. | १९३.९७ | ९२. | १७८४५.२४ |
| ३१४।२०८०।१।१० | ढवाडी कल्लेरी बेनीदोभान म।रणघाट सडक निर्माण उ स | १५८०१६९ | O.S. | ७५३२.८६ | १२.६ | ९४९१४.०४ |
| | | | M.R. | १५८१.०३ | ९२. | १४५४५४.७६ |
| | | | H.R. | २७३.२४ | ११२६.७७ | ३०७८७८.६३ |
| ३१०।२०८०।१।४ | सुन्दरी डाँडागाउँ बिजुली खोला सडक उ.स. | २६९५५१ | O.S. | २७७७.२६ | १२.६ | ३४९९३.४८ |
| ३०९।२०८०।१।४ | बडरे खर्क हुँदै भाल्डाडा सडक निर्माण उ.स. | २९१००० | O.S. | ३०१५.१४ | १२.६ | ३७९९०.७६ |
| २८६।२०७९।१२।१६ | कमलाबारी ढाँडबारी चिसापानी खेत्रेक कृषि सडक निर्माण उ.स. | ४७०८७७ | O.S. | ३९१४.७२ | १२.६ | ४९३२५.४७ |
| | | | M.R. | ३९८.६६ | ९२. | ३६६७६.७२ |
| २८५।२०७९।१२।१६ | कमलाबारी ढोडेनी सडक निर्माण उ.स. | २६३२९४ | O.S. | २६११.७ | १२.६ | ३२९०७.४२ |
| | | | M.R. | ७१.५५ | ९२. | ६५८२.६ |
| २८३।२०७९।१२।१६ | आरुबास मैदान गिदले गाउँ सडक उ.स. | १८८३६६ | O.S. | १७८१.७ | १२.६ | २२४४९.४२ |
| | | | M.R. | ८६.६४ | ९२. | ७९७०.८८ |
| २८१।२०७९।१२।१२ | वनपाले लुङ्गेलीघरु हुदै देउराली ओखलढङ्गा सडक उ.स. | १९२६२६ | O.S. | १९५०.७४ | १२.६ | २४५७९.३२ |
| | | | M.R. | ४५.२६ | ९२. | ४१६३.९२ |
| २६४।२०७९।१२।२ | काम्प्राङ कुम्पुर डाँडा नाला सहित सडक स्तरोन्नती उ स | ७६२१२१ | O.S. | ३५३५.४२ | १२.६ | ४४५४६.२९ |
| | | | M.R. | ८७८.३३ | ९२. | ८०८०६.३६ |
| | | | H.R. | ९५. | ११२६.७७ | १०७०४३.१५ |
| २४३।२०७९।११।२१ | बगुवा तल्लो रत्ने विस्टारी जयभद्रे महादेवस्थान सडक उ स | १०८५६३५ | O.S. | ५७२०.६७ | १२.६ | ७२०८०.४४ |
| | | | M.R. | ६२७.४६ | ९२. | ५७७२६.३२ |
| २३३।२०७९।११।१७ | फिसटार गौथले आधामारा आरुवास सडक उ स | २२११६०० | O.S. | ६५९८.३२ | १२.६ | ८३१३८.८३ |
| | | | M.R. | २७.८७ | ९२. | २५६४.०४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४२।२०७९।९।३० | समिडाँढा खेल मैदान सडक स्तरोन्नती उ स | २७६४५० | O.S. | २९७४.०५ | १२.६ | ३७४७३.०३ |
| १५७।२०७९।१०।५ | कुम्पुर भञ्याङ हुल्वास छतिवन सडक उ स | १४५५०० | O.S. | १५२२.९ | १२.६ | १९१८८.५४ |
| १५२।२०७९।१०।३ | काप्राबोट हुँदै नेपालगाउँ शमिटार सडक निर्माण उ स | १४५५०० | O.S. | १५७८. | १२.६ | १९८८२.८ |
| १७२।२०७९।१०।१३ | आदमटार बडरे शेराबेशी चक्रपथ निर्माण समिति | १९३५१५० | O.S. | ७२८२.६९ | १२.६ | ९१७६१.८९ |
| | | | M.R. | ५२७.८१ | ९२. | ४८५५८.५२ |
| ९३।२०७९।९।१७ | पोखरी स्कुलदेखि भैंसे सम्म सडक नाला निर्माण उ स | २९०३२६ | O.S. | २८०८. | १२.६ | ३५३८०.८ |
| | | | M.R. | १०३. | ९२. | ९४७६. |
| १५।२०८०।३।१८ (प्रदेश) | वडा कार्यालय देखि महाकाली मा वि सम्मको सडक निर्माण उ स | ४७०३३५७ | O.S. | १६०४. | १२.६ | २०२१०.४ |
| | | | M.R. | ५९.९ | ९२. | ५५१०.८ |
| ४८९।२०८०।३।१६ | भैंसे ठिमेलटार हुल्ली भञ्याङ सडक उ स | ५२२९९७ | O.S. | ३६८३. | १२.६ | ४६४०५.८ |
| | | | M.R. | २४७.६५ | ९२. | २२७८३.८ |
| | | | H.R. | २५.४६ | ११२६.७७ | २८६८७.५६ |
| १७।२०८०।३।२३ | बर्खेघाट खेल मैदान र भगवान श्री कृष्ण तथा शिव पार्वती मन्दिरको संरक्षण उ.स. | २०८५१४९ | O.S. | ३३९२.१७ | १२.६ | ४२७४१.३४ |
| | | | M.R. | २२२.५४ | ९२. | २०४७३.६८ |
| | | | H.R. | ११६.६६ | ११२६.७७ | १३१४४८.९९ |
| **जम्मा** | | | | | | **२२९७३०६.२१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,९७,३०६.२१ |

## ४० **प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, संचालन व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ढ संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यबस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यबस्था छ । पालिकाले प्राविधिक कर्मचारीहरु १० जनालाई मासिक रुपमा तलबको २० प्रतिशत फिल्डभत्ता निर्धारण गरी रु.७,३९,७१८।- खर्च भुक्तानी गरेको छ । यसरी फिल्ड भत्ता वितरण गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता, खर्चको आकार

आदिलाई मध्येनजर गर्दै कार्यविधि निर्धारण गरी कार्यसम्पादन मुल्याङ्कनका सुचकहरुको आधारमा मात्र सम्बन्धित कानुन बनाएर खर्च गर्नुपर्दछ ।

४१ **कर रकम**

आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यबस्था छ । पालिकाले निम्नानुसार भौ.नं. र मितिबाट परामर्शदाताहरुलाई रकम भुक्तानी गर्दा घटी कर कट्टा गरेको देखियो । तसर्थ उक्त भुक्तानी रकमको नपुग कर रु.९८,६१०।- संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | विबरण | भुक्तानी पाउने | कट्टा भएको | नपुग कर |
|---|---|---|---|---|
| ८२३,३।२९ | लेखा प्रणाली तालिम संचालन | उद्योग वाणिज्य ससंघलाई भुक्तानी रु.२६५००० | ७३८३ | ३२३६७ |
| ७९८,३।२० | कृषि व्यबस्थापनका लागि प्रतिबेदन कार्य भुक्तानी | ट्रेडलिंक नेपाल रु.४८४५०० | ६४३२ | ६६२४३ |
| **जम्मा** | | | | **९८६१०** |

**(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.१७,३३८।- सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,६१० |

४२ **तलबी प्रतिबेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ को २(ख) मा कार्यालयले तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउंनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले तलबी प्रतिबेदन पारीत नगराई भुक्तनी गरेको १६ जना स्थायी कर्मचारीहरुको तलब तथा ग्रेड बापतको खर्च रु.३,२७,२२,५६५।-सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नु पर्दछ ।

४३ **दोहोरो सुविधा**

*✂ .........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.४,०००।- सम्परीक्षण गरिएको ।)*

४४ **महंगी भत्ता**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।१।१५ को निर्णय अनुसार सबै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न अर्थ मन्त्रालयको पत्र संख्या ३६५।०३।०७८।७९ चलानी नं १७१९ मिति २०७९।१।२१ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता नपाउने व्यबस्था उल्लेख छ । पालिकाले २६ जना करार कर्मचारीहरुलाई हरेक महिनामा फरक फरक संख्यामा जस्तै (अषाढमा १७ जनालाई, मंसिरमा २२ जनालाई, बैसाखमा १८ जनालाई) महंगी भत्ता रु.६,२४,०००।- भुक्तानी गरेको देखियो । नियममा उल्लेख नभएको महंगी भत्ता भुक्तानी नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२४,००० |

४५ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था । सो बिपरीत पालिकाले अधिकृत छैठौं स्तरका ईन्जिनियर देखि सव ईन्जिनियर, सहायक पाँचौं, सहायक चौथो, सहायक कम्प्यूटर अपरेटर स्तरका समेत गरी ३३ जना करारमा कर्मचारी नियुक्ती गरी रु.५,०३,७०,९६७।- खर्च गरेको छ । प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनुपर्दछ ।

४६ **बढी दरमा भ्रमण भत्ता**

***✂ .........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.५,८००।- सम्परीक्षण गरिएको ।)***

४७ **अनुगमन भत्ता**

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रको योजनाहरुको अनुगमन गर्ने कार्यबापत भत्ता उपलब्ध गराउंने व्यबस्था उल्लेख भएको देखिदैंन । पालिकाले जनप्रतिनिधि तथा कर्मचारीलाई योजना तथा कार्यक्रम अनुगमन बापत प्रतियोजनाको रु१०००।का दरले अनुगमन भत्ता भुक्तानी गरेको देखियो।अनुगमन गरिएको योजनाहरु तथा कार्यक्रमको प्रतिबेदन समेत संलग्न नगरी ऐन तथा नियममा व्यबस्था नभएको सुविधामा भुक्तानी भएको खर्च रकम नियमसम्मत नभएको र पालिकालाई थप व्ययभार भएको छ । यसका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| भौ.नं. र मिति | विबरण | अनुगमन | भत्ता रकम |
|---|---|---|---|
| ८४३, ३।२३ | योजना अनुगमन | पालिका अध्यक्ष परशुराम खतिवडा लगायत २५ जनालाई | २३०००० |

| | | | |
|---|---|---|---|
| ४५७,१०।२३ | वडा अनुगमन | वडा अनुगमनका | १३००० |
| **जम्मा** | | | **२४३०००** |

## ४८ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया बेगर रु. ९ लाख ९७ हजारका औषधि खरिद गरेको छ । आपूर्ति भएका औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्नेमा सो विपरित पालिकाले भौ.नं. २४५।२०७९।८।१३ मा गुडलक सर्जिकल एण्ड डेन्टल ट्रेड प्रालिबाट Amoxycilin 125 mg 10000 tab लगायत ३८ आईटम्सका औषधि खरिदका बिलमा ब्याच नं., समाप्ती मिति उल्लेख नभएको औषधि खरिद गरेको छ । खरिद बिलमा कुन मितिसम्म औषधि उपभोग योग्य छ भन्ने व्यहोरा नखुलेकोले खरिद भएका औषधि तोकिएको गुणस्तकै हो भन्नेमा विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको मापदण्ड र प्रकृया पुरा गरी खरिद कार्य गर्नुपर्दछ।

## ४९ नाफामुलक संस्थालाई भुक्तानी

स्थानीय सरकार संचालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ प्रदेश तथा स्थानीय सरकारको रकम पुर्वाधार विकास तथा दीर्घकालिन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यबस्था छ । पालिकाले नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई कार्यालय व्यबस्थापन खर्च तथा कार्यक्रम संचालनको खर्च अनुदान निम्नानुसार सहकारी संस्था लगायत फर्मलाई रु.११,९९,९९६- भुक्तानी गरेको देखियो । नाफामुलक संस्थालाई भुक्तानी भएको अनुदान खर्च रकम नियमसम्मत नभएको रु.

| भौ.नं. र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| ६२७, १।१३ | अमरज्योती महिला बचत तथा ऋण सहकारी संस्था लि | कार्यालय व्यबस्थापन | ७००००० |
| ८६४, ३।२४ | झिलीमिली मिडिया प्रा लि | रेडियो उपकरण खरिद बापतको बिल भुक्तानी | ४९९९९६ |
| **जम्मा** | | | **११९९९९६** |

| | |
|---|---|
| अनियमित भएको | ११,९९,९९६ |

## ५० वितरणमुखी कार्यक्रम

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम बनाउँदा आर्थिक विकास, उत्पादनमुलक, रोजगारी श्रृजना हने, स्रोत साधन र सिपको उच्चतम् सदुपयोग हुने र

दीर्घकालिन प्रतिफल उपलब्धि हुने खालका योजना तथा कार्यक्रम बनाई लागु गर्नुपर्ने व्यबस्था छ । पालिकाले कार्यक्रम कार्यन्वयनमा वितरणमुखी कार्यक्रमलाई प्राथमिकता निर्धारण गरी संचालन गरेको छ । तसर्थ पालिकाले सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पुँजिबृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ ध्यान दिनुपर्दछ ।वितरणमुखी कार्यक्रमका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| भौ.नं. र मिति | कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|
| ८९८, ८६७, ८६६, ३९२ | खेलकुद सामान वितरण | १३७०००० |
| ८६२, ७८१ र ७४५ | बाखा बंगुर वितरण | १८३४२७५ |
| ६९६, ७०० र ७०१ | प्लास्टिक क्रेट, ट्रे र कोकोपिट वितरण | २०४९१५० |
| ४२३, १०।९ | महिला जनप्रतिनिधि तथा कर्मचारीका लागि सेनेटरी प्याड वितरण | १९९४९९ |

## ५१ बेरितको कर विजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले रित पूर्कको कर विजक बेगर देहायका सप्लायर्स तथा फर्मबाट मु.अ.कर रु.१,५४,४८७।- समेत रु.१२,५३,०४६।- मुल्यको सामान तथा सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा फर्मले रितपूर्वकको कर बिजक बेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.

| भौचर नं र मिति | सप्लायर्स | भुक्तानी रकम | मु अ कर |
|---|---|---|---|
| ४१३,१०।४ | रिभरपार्क विच रिसोर्ट प्रालि २०७९।१०।३ मा विजक नं ११५ लाई १५ बनाएको (हातले लेखेको) भ्याट नं ६०६७२४९२८ | ४९४५३३ | ५६८१४ |
| ७६०,३।१२ | काठमाण्डौ डाईग्नोग्टिस २०८०।२।४ मा विजक नं उल्लेख नभएको भ्याट नं ३०३४१८५४४ | ६२४३३ | ७१८३ |
| ५००,११।१५ | रिस्ती मादी रिसर्च एण्ड कन्सल्टेन्सी ११।४ मा विजक नं१ फोटोकपी वील भ्याट नं ६०९७९००७४ | ६९६०८० | ९०४९० |
| **जम्मा** | | | **१५४४८७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५४,४८७ |

## ५२ विद्यूत विल

*✂ ......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.४,५०,०००।- सम्परीक्षण गरिएको ।)*

## ५३ भ्रमण खर्च

भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ । भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमणको उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु. १७ लाख १९ हजार भ्रमण खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन । भ्रमण खर्चलाई आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो । यस्तो खर्च गर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ । अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन ।

- भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।
- स्पष्ट प्रयोजन बेगर पदाधिकारी तथा कर्मचारीहरुको ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।

## ५४ सेनिटरी प्याड खरिद

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. २५८।२०८०।३।२४ बाट १३५०० प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु.९,९३,८६३।- भुक्तानी गरेकोमा विद्यालयहरुलाई हस्तान्तरण गरेको फाराम पेश गरेको देखिन्छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा बर्षको अन्त्य मा खरिद गरेको पाइयो । पालिकाले प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

## ५५ बुक कर्नर

✍ ......... *(प्रारम्भिक प्रतिवेदन उपर कार्य सम्पन्न प्रतिवेदन पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.१२,०००।- सम्परीक्षण गरिएको ।)*

## ५६ दिवा खाजा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा IEMIS को विद्यार्थी संख्याको आधारमा भौ.नं. ७६।२०७९।८।१४ बाट ६० दिनको रु.२८,८७,२००।-, भौ.नं. १५०।२०७९।११।२९ बाट ६० दिनको रु.२८,८७,२००।- र भौ.नं. २२२।२०८०।३।२१ बाट रु.१७,९१,६००।- गरी ४७ सामुदायिक विद्यालयको खातामा रु.७५,६६,०००।- निकासा गरेको छ । दिवा खाजा त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिका विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## ५७ एम आइ एस अपरेटर तलब

✍ ......... *(प्रारम्भिक प्रतिवेदन उपर साझेदारी नभएको तलब रकम संचित कोष फिर्ता गरी पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.४,०५,७९२।- सम्परीक्षण गरिएको ।)*

## ५८ छात्रवृत्ति वितरण

५८.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १५०।२०७९।११।२९ बाट जलदेवी आविका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले रु.१४,४००।- निकासा गरेकोमा छात्रवृत्ति वितरण गरेको भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१८ र २०८०।१२।०८ को निर्णयबाट रु.१,०२,७००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,४०० |

५८.२ त्यसै गरी निम्नानुसार विद्यालयहरुको छात्रवृत्ति वितरण गरेको भर्पाई परीक्षण गर्दा निकासा गरेको भन्दा कम रु.१७,६००।- भर्पाई पेश गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | भर्पाई बमोजिम | बढि रकम |
|---|---|---|---|---|
| १ | अकलादेवी मा.वि. | २०००० | १८००० | २००० |
| २ | शान्ति आवि | ११६०० | ९२०० | २४०० |
| ३ | बागबच्छला मा.वि. | ५८८०० | ४५६०० | १३२०० |
| **जम्माः** | | **९०४००** | **७२८००** | **१७६००** |

*✂ .........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.६५,९००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,६०० |

## ५९ अनुगमन भत्ता

*✂ .........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.३४,०००।- सम्परीक्षण गरिएको ।)*

## ६० शिक्षक दरबन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ४७ वटा विद्यालयमा २११ जना शिक्षक दरबन्दी भएकोमा २११ जना पदपूर्ति र पदपूर्तिमध्ये १११ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ५७४१ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

६१ **प्रतिवेदक पारिश्रमिक**

*✍ .........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.८,९२५।- सम्परीक्षण गरिएको ।)*

६२ **बढि भुक्तानी**

*✍ .........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.९,७७०।- सम्परीक्षण गरिएको ।)*

६३ **तालिम संचालक भ्रमण खर्च**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशाला संचालन गर्दा संचालनकर्तालेे भ्रमण खर्च पाउने उल्लेख गरेको देखिंदैन । साथै कार्यक्रम संचालन गर्दा रु.३००।- का दरले संयोजक भत्ता पाउने उल्लेख छ । पालिकाले भौ.नं. १८७।२०८०।२।१२ बाट मिति २०७९।१०।६ देखि २६ सम्म ३ पटक गरी धादिङ्गवेशीमा ७ दिने पुनर्ताजगी पोषण तालिम संचालन गरी रु.५,६०,७३०।- खर्च लेखेकोमा निम्नानुसार तालिम संचालककर्तालाई बढी रकम रु.४३,२००।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | पाउने भत्ता | भ्रमण अवधि | भ्रमण भत्ता | बढि रकम |
|---|---|---|---|---|---|
| १ | ज.स्वा.नि. चेतनाथ भट्ट | ३००*१५+१५०*६ =५४०० | २०७९।१०।५ देखि १०।१२ | ११२०० | ५८०० |
| | | | २०७९।१०।१३ देखि १०।१९ | ८००० | ८००० |
| | | | २०७९।१०।२० देखि १०।२६ | ११२०० | ११२०० |
| २ | क.न.नि. नविना पौडेल | ३००*१४=४२०० | २०७९।१०।५ देखि १०।१२ | ११२०० | ७००० |
| | | | २०७९।१०।२० देखि १०।२६ | ११२०० | ११२०० |
| **जम्माः** | | | | **५२८००** | **४३२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,२०० |

६४ **भ्रमण खर्च**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने गाउँपालिकास्तर तालिम, गोष्ठि, सेमिनार तथा कार्यशाला संचालन गर्दा प्रशिक्षकले कार्यपत्र वापत रु.७००।- र कक्षा लिए वापत रु.६००।- गरी रु.१,३००।- का दरले भत्ता पाउने तर भ्रमण खर्च पाउने उल्लेख गरेको देखिंदैन । पालिकाले निम्नानुसार कार्यक्रम संचालन गरी

रु.४,१५,५८६।- खर्च लेखेकोमा प्रशिक्षकहरुलाई प्रशिक्षण भत्ताका साथै भ्रमण खर्च रु.१०,३००।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | प्रशिक्षकको नाम | कार्यक्रम | खर्च रकम | पारिश्रमिक | भ्रमण रकम |
|---|---|---|---|---|---|
| १९५।०८०।३।३ | ब.ज.अ. विष्णु प्रसाद रिजाल | स्वास्थ्य चौकिहरुमा न्यूनतम सेवा मापदण्ड २ दिन | १३७७५० | १०४०० | ५२०० |
| २२८।०८०।३।२१ | अ.न.मि. पुजा गायक | दक्ष प्रसुतिकर्मीहरुका लागि अनसाइट कोचिङ्ग एण्ड मेन्टोरिङ्ग ३ दिन | २७७८३६ | १८००० | ५१०० |
| जम्माः | | | ४१५५८६ | २८४०० | १०३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३०० |

## ६५ मेड्पा कार्यक्रम

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ५ दिने डल्ले चारपाटे तथा झोल साबुन बनाउने, ६५ दिने आधारभुत सिलाई कटाई लगायतका तालिम संचालन गरी रु.६,५९,८०७।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

## ६६ कृषि पशु अनुदान

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि तथा पशु कार्यक्रमा रु.२,२९,०६,७०३।- कुल अनुदान खर्च गरेकोमा कृषि, पशु, सहकारी संस्थालाई पशुपालन, विभिन्न कृषि पकेट कार्यक्रम, कृषि सामाग्री खरिदमा दिएको अनुदान रकम पालिकाबाट निम्न बमोजिम बितरण गरेको छ । बितरित रकमको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नबनाई भुक्तानी भएको देखियो । तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र दिनुपर्दछ।

| कार्यक्रम | भुक्तानी रकम | अनुदान प्रतिशत |
|---|---|---|
| आधुनिक कृषि औजार तथा उपकरण वितरण | १२१०८१०० | ५० प्रतिशत |
| बीउ विजन वितरण | २०६६४३५ | १०० प्रतिशत |
| अध्यक्ष नमुना व्यावसायिक फलफुल बगैचा स्थापना | १२९९९६० | १०० प्रतिशत |
| मल्चिङ प्लास्टिक र मल अनुदान कार्यक्रम | ७००००० | ७५ प्रतिशत |
| अध्यक्ष नमुना प्लास्टिक पोखरी निर्माण लगायत अन्य | १४४२९१२ | १०० प्रतिशत |
| पशु कार्यक्रमः | १५९१६४० | ५० प्रतिशत |
| गोठ निर्माण कार्यक्रम | | |
| बाखा बंगुर वितरण कार्यक्रम | ९८२७७५ | १०० प्रतिशत |
| व्याबसायिक बाखा पालन | १२१४८८१ | ५० प्रतिशत |
| कृषि तथा पशु पंक्षी व्यावसाय प्रबर्द्धन | १५००००० | ५० प्रतिशत |
| **जम्मा** | **२२९०६७०३** | |

६७ **प्रधानमन्त्री स्वरोजगार**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ३ वडामा पदमार्ग मर्मत, गोरेटो बाटो मर्मत योजना सञ्चालन गरी यस वर्ष ६० जनालाई औसत ९९ दिन रोजगारी उपलव्ध गराई रु.४०,४५,१८४।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६८ **दोहोरो बैङ्क खाता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनसूची १० अनुसार गाउँ/नगरपलिबाट रकम प्राप्त हुनासाथ बैङ्कले लाभग्राहीको खातामा जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (REVERSE FEED) र बाँकी रकम भए सो रकम समेतको जानकारी गाउँ/नगरपालिकालाई गराई उक्त बाँकी रकम चौमासिक रुपमा समायोजन गरी वितरण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले बैङ्क मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्न निकासा उपलब्ध गराएकोमा सम्बन्धित बैङ्कले उपलब्ध गराएको

अनुसूची-१० बमोजिमको विवरणको लेखापरीक्षण गर्दा निम्नानुसार फरक फरक लाभग्राहीको भत्ता एउटै खातामा जम्मा भएको देखिन्छ । सो सम्बन्धमा पालिकाबाट यकिन गर्नुपर्ने रु.

| परिचय पत्र | लाभग्राहीको नाम | खाता नं. | किस्ता | रकम |
|---|---|---|---|---|
| २००७०८१५०४६५९ | टिकामाया श्रेष्ठ | ०८१००४०१९७७००० ०१ | दोश्रो | १२००० |
| २०१३०५२५००६९२ | सिता माया मगर | ०८१००४०१९७७००० ०१ | दोश्रो | ७९८० |
| २००००८२६००५३५ | सुकुमाया सार्की | ०८१००४१९१७५००० ०१ | दोश्रो | १२००० |
| २०१४०६३०००२२७ | सुकुमाया सार्की | ०८१००४१९१७५००० ०१ | दोश्रो | ७९८० |
| २००५०५०७०३२०३ | पवित्रा कुमारी सेढाइ | ०८१००४३९९०५००० ०१ | प्रथम, दोश्रो, तेश्रो, चौथो | ४८००० |
| २००५०५०७०३००५ | पवित्रा कुमारी सेढाई | ०८१००४३९९०५००० ०१ | प्रथम, दोश्रो, तेश्रो, चौथो | ४८००० |
| २०७५०४२७०२१३४ | आयन विसुन्के | ०८१०१०२६४३२००० ०१ | दोश्रो | १५९६ |
| २०७९०५२१०५४२८ | आशिका मगराती | ०८१०१०२६४३२००० ०१ | दोश्रो | १०६४ |
| २०१६०५०२०२४१९ | बाल कुमारी श्रेष्ठ | ०८१०१३४७०३४००० ०१ | दोश्रो, तेश्रो, चौथो | २३९४० |
| २०१८०४०७०२२५३ | बाल कुमारी श्रेष्ठ | ०८१०१३४७०३४००० ०१ | दोश्रो, तेश्रो, चौथो | २३९४० |
| २०१०१२२९१०२५७ | वैकुण्ठ नाथ उपाध्याय | ०८१०१४९२१३६००० ०१ | दोश्रो | १२००० |
| २०१०१२३४१५७४४ | तेजनाथ उपाध्याय | ०८१०१४९२१३६००० ०१ | दोश्रो | १२००० |
| २०१००३०४०९७२३ | मिठीदेवी गुरुङ | ०८१०१५६४७८५००० ०२ | दोश्रो | १२००० |
| २०१००३१००९८५२ | मित्र बहादुर सिलवाल | ०८१०१५६४७८५००० ०२ | दोश्रो | १२००० |
| २०००९०३१४०२४६३ | शन्त माया मगर | ०८१००४१०७४६००० ०१ | प्रथम | १२००० |

| | | | | |
|---|---|---|---|---|
| २००९०३१००२८६७ | शन्त माया मगर | ०८१००४१०७४६००० ०१ | प्रथम | १२००० |
| | | **जम्मा** | | **२५८५००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५८,५०० |

## ६९ निस्कृय खाता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ७ वटै वडाको चारवटै त्रैमासिकको भत्ता बैङ्क मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन । कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ७० आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु

७०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार खर्चका बिल भर्पाई सहित त्यसलाई पुष्टयाई गर्ने कागजात सहितको लेखा राख्नुपर्ने र भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । देहाय बमोजिमका उपभोक्ता समितीलाई भुक्तनी दिँदा प्राविधिक मूल्याङकन अनुसार भुक्तानी दिइएको र सो अनुसार बिल कम भएको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं र मिति | संस्था/उपभोक्ता समिति | प्राविधिक मूल्याङकन अनुसार हुनु पर्ने विल रु. | पेश भएका बिल भरपाई जम्मा रु. | अपुग विल |
|---|---|---|---|---|
| गा. पा. पुँजीगत-582-080/03/24 | मनकामना आधारभूत विध्यालय | १८८५६४ | १८१४४१ | ७१२३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१२३ |

७०.२ मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को उपनियम १७ मा कुनै बस्तु वा सेवा आपूर्ति गर्दा नियमावलीको अनुसुची ५ र ५(ख) बमोजिमको ढाँचामा कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । मिति २०७९।७।२५ मा भौ.नं. ४१(गा.पा. पुँजीगत) बाट चिसोपानी कालिनाग सडक निर्माण उपभोक्ता समितिले सडक निर्माण सामाग्री खरिद गर्दा धादिङ नीलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.(भ्याट नं.६०५९२६३३२) सँग

रु.५७,०६५।- को सामान खरिद गरेकोमा बिल नं. ०१ (मिति २०७९।०९।१५) हातले लेखेकोले उक्त रु.६,५६५।- मूल्य अभिवृद्धि करको कर समायोजन प्रमाण पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ६,५६५ |
|---|---|

७०.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार खर्चका बिल भर्पाई सहित त्यसलाई पुष्टयाई गर्ने कागजात सहितको लेखा राख्नुपर्ने र भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । देहाय बमोजिमका भुक्तानीहरुको बिल तथा भर्पाई भन्दा बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| भौ.नं./मिति | उपभोक्ता समिति/ व्यक्ति/ सामान | विवरण | प्राविधिक मूल्याङकन अनुसार | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| | आपुर्तिकर्ताको नाम | | भुक्तानी हुनुपर्ने रकम | | |
| गा.पा.पुंजीगत १८७।०७९।१०।१९ | निलकण्ठ सेनेटरीएण्ड प्लम्बीङ सेन्टर | भैपरी पूँजीगत खर्च | ७९३५९ | ८३९२१ | ४५६२ |
| गा.पा.पुंजीगत ३४३।०८०।१।२९ | बागेश्वरी मन्दिर निर्माण भाल्डाँडा | | १८५२७९ | १८६९८७ | १७०८ |
| गा.पा.पुंजीगत ३७९।०८०।२।११ | कुमटार धनसनडाँडा छाने सडक उ.स. | | २७८४५९ | २८७०७२ | ८६१३ |
| गा.पा.पुंजीगत ५१०।०८०।३।१८ | मालिका आ.वि. | विध्यालयको सामान्य मर्मत सम्भार सुधार | ८८२४४ | ९०००० | १७५६ |
| गा.पा.पुंजीगत ५७५।०८०।३।२३ | आप्री नलाङ खानेपानी आयोजना उ.स. | | ५२३५७४ | ५३९७६७ | १६१९३ |
| गा.पा.पुंजीगत ५८४।०८०।३।२४ | कुसन मित्रता दुग्ध उत्पादक कृषि सहकारी संस्था लि. | | ३१३६९७ | ३३३८९९ | २०२०२ |
| गा.पा. चालु ४४८।०७९।१०।१६ | ऋषि नेपाली | मसलन्द तथा कार्यालय सामाग्री/ विविध खर्च | ८०९३५ | ८९३३५ | ८२७३ |
| जम्मा | | | | | ७१७१२ |

***.........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१८ को निर्णयबाट रु.१०,४०५।- सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | ६१,३०७ |
|---|---|

७०.४ आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भौ.नं. र मितिबाट देहाएको आपुर्ति कर्तालाई रु.९,०६३।- बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रू.

| **भौ.नं. र मिति** | **व्यक्ति/आपुर्ति कर्ता** | **करयोग्य रकम** | **शिर्षक** | **कट्टा हुनुपर्ने रकम** | **कट्टा भएको रकम** | **कम कट्टा भएको रकम** |
|---|---|---|---|---|---|---|
| गा.पा.चालु २४३।०७९।८।११ | गोरखापत्र संस्थान (भ्याट नं. ३००५१७०८) | २९९५२० | अग्रीम आयकर | ४४९३ | ० | ४४९३ |
| गा.पा.चालु ५०७।०७९।११।१६ | गोरखापत्र संस्थान (भ्याट नं. ३००५१७०८) | १३४१६० | अग्रीम आयकर | २०१२ | ० | २०१२ |
| गा.पा.चालु ६७८।०८०।२।७ | गोरखापत्र संस्थान (भ्याट नं. ३००५१७०८) | १७०५६० | अग्रीम आयकर | २५५८ | ० | २५५८ |
| **जम्मा** | | | | | | **९०६३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०६३ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

*आर्थिक बर्ष: २०७९/८०*

कार्यालय र स्थान : सिद्धलेक गाउँपालिका, धादिङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | *Bhumiraj Shrestha* | २०७९-६-३१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण:**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २२,४०४,९०१.२४ | २,०५७,८९५ | २४,८९६,६४१.९ | ० | ० | ५६३,१४२ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४९,९२२,५८०.१४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २२,६८८,४०७.१२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २७,२३४,१७३.०२ |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | | १३७२४३७९६.०१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४१०८१०६१.४१ | **चालु खर्च** | ३५३५६२५७५.४१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५३९३६२६७ | **पूँजीगत खर्च** | २११५६२२६९.५२ |
| **राजश्व बाँडफाँट** | ८२२६७२३९.७७ | **वित्तीय/अन्य व्यवस्था** | १४१५५९२५४.७३ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | ८४०५२२३.३४ | | |
| **अन्य आय** | १४९०४५००१.५४ | | |
| **कुल आय** | ६३४७३४७९३.०६ | **कुल खर्च** | ७०६६८४०९९.६६ |
| **बाँकी मौज्दात** | | ६५२९४४८९.४१ | |